# किराती भाषामा वर्णव्यवस्था

तारामणि राई
सहप्राध्यापक, भाषाविज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
इमेल : raitaramani@gmail.com

**लेखसार**

*प्रस्तुत लेख किराती भाषामा रहेका वर्णव्यवस्थाको तुलनात्मक एवं प्रकार्यपरक अध्ययनमा केन्द्रित छ । किराती भाषा समूहभित्र दुई दर्जन बढी भाषाहरू छन् । ती भाषाहरूमा सबैभन्दा कम २१ देखि सबैभन्दा बढी ४० ओटासम्म व्यञ्जन वर्ण पाइन्छन् भने सबैभन्दा कम ५ देखि सबैभन्दा बढी १६ ओटासम्म स्वर वर्णको व्यवस्था रहेको देखिन्छ । भोट-बर्मेली भाषामा ५ ओटा स्वर वर्णलाई आद्य स्वर मानिन्छ जुन सबै किराती भाषामा समान तहमा पाइन्छन् । त्यसै गरी भोटबर्मेली भाषा परिवारमा आद्य व्यञ्जनका रूपमा १६ ओटा व्यञ्जन छन् जुन सबै किराती भाषामा पाइन्छन् । तर त्यसबाहेक पनि थप वर्णहरू पाइएका छन् । ती मध्ये केही इन्डो-आर्य भाषाको प्रभावका कारण देखिन्छन् भने केही आन्तरिक उत्परिवर्तनबाट पनि वर्णहरू आएका छन् । किराती समूहमा रहेका भाषाको तुलनात्मक एवं प्रकार्यपरक दृष्टिकोणले विश्लेषण गर्दा केन्द्रीय स्वर भएका र नभएका, अर्धउच्च स्वर भएका र नभएका, निम्न पश्च स्वर भएका र नभएका, दीर्घता भएका र नभएका, अनुनासिकता भएका र नभएका आधारमा सामान्यतः स्वर वर्णलाई हेरिएको छ भने व्यञ्जन वर्णलाई दन्त्य, दन्त्य-वर्त्स्य, वर्त्स्य गरी ३ समूहमा विभाजन गर्दै अति कण्ठ्य वर्ण भए-नभएको, अन्तःस्फोटक भए-नभएको, तालव्य भए-नभएको आधारमा किराती भाषामा रहेका वर्णव्यवस्थालाई तुलनात्मक एवं प्रकार्यपरक सिद्धान्तका आधारमा निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** आद्य रूप, प्रकार्यपरक, व्यञ्जन वर्ण, व्यतिरेक, स्वर वर्ण ।


## विषयपरिचय

किराती भाषा चिनियाँ-तिब्बती महाभाषा परिवारअन्तर्गत भोटबर्मेली भाषा परिवारको पूर्वी हिमाली भेगमा बोलिने भाषा हो । मूलतः राई, लिम्बू, कोइँच-सुनुवार र याक्खा समुदायले बोल्ने भाषा किराती समूहभित्र पर्ने भए पनि हायु, बराम, सुरेल, जिरेल, थामी आदिले बोल्ने भाषालाई पनि किराती भाषा नै मानिन्छ (राई, २०७५, पृ. ९८) ।

किराती भाषा नेपालको पूर्वोत्तर भेगमा बोलिन्छन् । सुनकोसीवारि लिखुसम्म कोइँच-सुनुवार भाषाको सघनता रहेको क्षेत्र हो । सुनकोसीदेखि पूर्व अरुणसम्म नै अर्थात् खोटाङ, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुरलगायत विभिन्न जिल्लाहरू किरात राई समूहका भाषा बोलिने क्षेत्र हुन् । अरुणदेखि पूर्वोत्तर लिम्बू भाषा बोलिने क्षेत्र हुन् । नेपालको सीमानाभन्दा पारि भारतको दार्जिलिङ, सिक्किमलगायत विभिन्न ठाउँहरूमा किराती भाषा फैलिएका छन् । त्यसै गरी रोजगार वा अन्य विभिन्न अवसरका खोजीमा खाडी मुलुक, युरोप, अमेरिका, अस्ट्रेलिया आदि ठाउँहरूमा गएका किराती भाषाका वक्ताहरूले पनि यो भाषा बोल्ने गरेका छन् । नेपालमा बोलिने किराती भाषाको भौगोलिक वितरणलाई तस्विर १ मा समेत प्रस्तुत गरिएको छ ।

**तस्विर १**

किराती भाषाको भौगोलिक वितरण




(स्रोत : राई, सन् २०२२)

किराती समूहको यति नै भनेर यकिनसाथ सङ्ख्या निर्धारण हुन सकेको देखिँदैन । विशेष गरी राईभित्रका भाषाहरूको सङ्ख्यामा यकिन हुन सकेको छैन । वि.सं. २०५८ सालको जनगणनामा २२

ओटा मात्र किरात राई भाषाहरू उल्लेख थियो । वि.सं. २०६८ सालको जनगणनामा आठपहरिया, बेलहरिया र फाङ्दुवाली गरी ३ ओटा भाषा थपिएर २५ ओटा भाषा हुन पुग्यो । किरात राई भाषी वक्ताहरूको सङ्ख्याको आधारमा घट्दो क्रममा क्रमशः बान्तावा, चाम्लिङ, कुलुङ, थुलुङ, साम्पाङ, खालिङ, वाम्बुले, बाहिङ/बायुङ, नाछिरिङ, याम्फू, दुमी, पुमा, दुङ्माली, आठपहरिया, मेवाहाङ, लोहोरुङ, छिन्ताङ, जेरुङ, छुलुङ, तिलुङ, कोयी, बेलहरिया, साम्, फाङ्दुवाली, लिङ्खिम देखिन्छ । तर एपिले र अन्य (२०१२) ले तयार गरेको इथ्नोलगको सत्रौँ संस्करणले माथि उल्लेखित भाषाहरूका साथसाथै याम्फू (दक्षिण), मुगा, चुक्वा, वालिङ र मेवाहाङ (दक्षिण) समेत गरी एकमुष्ठमा ३० ओटा किराती भाषाहरूलाई समेटेको पाइन्छ ।

पछिल्लो वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कमा किरात राईभित्र रहेका भाषाहरूको विवरणमा २५ ओटा भाषा समेटिएको छ । यद्यपि राई भाषा भनेर १ लाख ४४ हजार ५१२ उल्लेख गरिएको छ जुन विरोधाभासपूर्ण छ (राई, २०८०, पृ. ३-६) । वास्तवमा राई भाषा नभएर जातिसूचक नाम हो जहाँ २६ ओटा भिन्नभिन्न भाषिक समुदाय रहेको छ । राईबाहेक पनि छुट्टै गरेर बान्तावा (वक्ता सङ्ख्या १,३८,००३), चाम्लिङ (८९,०३७), कुलुङ (३७,९१२), थुलुङ (२४,४०५), साम्पाङ (२१,५९७), खालिङ (१६,५१४), वाम्बुले (१५२८५), बाहिङ/बायङ (१४४४९), याम्फू (१०७४४), नाछिरिङ (९९०६), दुमी (८,६३८) मेवाहाङ (७,४२८), पुमा (६,७६३), आठपहरिया (५,५८०), दुङमाली (५,४०३), कोयी (४,१५२), लोहोरुङ (३,८८४), जेरो/जेरुङ (२,८१७), छिन्ताङ (२,५६४), छिलिङ (२,०११), तिलुङ (१,९६९), लुङ्खिम (७०२), फाङ्दुवाली (२४७), बेल्हारे (१७७) र साम (१०७) समावेश गरिएका छन् । त्यसै गरी याक्थुङ/लिम्बूको (३,५०,४३६), सुनुवार (३२,७०८), याक्खा (१४,२४१) रहेका छन् । राईबाहेक १ लाख माथि भएको भाषा बान्तावा मात्र देखिन्छ । घट्दो क्रममा १ लाखदेखि ५० हजारसम्म चाम्लिङ, कुलुङ, थुलुङ, साम्पाङ, खालिङ, वाम्बुले, बाहिङ/बायुङ, याम्फू, नाछिरिङ, दुमी, मेवाहाङ, पुमा, आठपहरिया गरी १३ ओटा भाषाहरू छन् भने १ हजार भन्दा कम वक्ता सङ्ख्या भएको भाषा ४ ओटा देखिन्छ ।

लेविस र सिमन्स (२००९) ले भाषिक जीवन्तताको स्थितिलाई मापन गर्न बनाएको विधिअनुसार किराती भाषाहरूलाई हेर्दा कुनै पनि भाषा सुरक्षित देखिँदैनन् (राई, २०७५, पृ. १०१) । सुरक्षित भाषा हुनका लागि १० लाख भन्दा बढी वक्ताको सङ्ख्या हुनुपर्छ । (मोसली, सन् २०१०)

किराती समूहका भाषाहरूमा पाइने वर्णव्यवस्थाका बारेमा भएका पूर्वाध्ययनका रूपमा बाहिङ/बायुङ (हज्सन, सन् १८४७-५८), खालिङ (तोबा, सन् १९७९), बान्तावा (राई १९८५), लिम्बू (वाइडार्ट र सुब्बा, सन् १९८५, भ्यान ड्रिम सन् १९८७), दुमी (राई, सन् २०१६), आठपहरिया (एवर्ट सन् १९९७, न्यौपाने २०५८), चाम्लिङ (एवर्ट, सन् १९९७, राई, सन् २०१२), जेरुङ (राई र अन्य, २०७५), सुनुवार-कोइँच (रापचा, सन् २००५), कुलुङ (टोल्समा सन् २००६), बान्तावा (डुर्नेनबाल, सन् २००९), पुमा (राई र अन्य, २००९), छिन्ताङ (पौडेल, सन् २०१५), कोयी (राई, सन् २०१५), दुमी (सन् २०१६), फाङ्दुवाली (राई र राई, २०७०), छिलिङ (राई र राई, २०७०क), राई (२०७५) का साथै न्यौपाने (२०७४) ले गरेको किरात भाषाहरू र नेपाली भाषाको व्यतिरेकी अध्ययन आदिलाई आधार लिइए पनि किराती भाषामा पाइने वर्णव्यवस्थाको तुलनात्मक एवं प्रकार्यपरक अध्ययन हुन सकेको देखिँदैन । यसै प्राज्ञिक रिक्तता पूर्ति गरिने भएकाले यस लेखको औचित्य र महत्त्व स्पष्ट भएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखसँग सम्बन्धित सामग्री पुस्तकालीय कार्यबाट सङ्कलन गरिएका छन् । अग्रज अध्येयताहरूबाट प्रकाशित किराती वर्णविज्ञानसँग सम्बद्ध पुस्तक, विद्यावारिधि, दर्शनाचार्य र स्नातकोत्तरलगायतका शोधग्रन्थ, अनुसन्धनात्मक लेख, विद्युतीय साधनहरू (वेभसाइट) बाट सङ्कलन गरिएका द्वितीयक सामग्रीहरू नै यस लेखका मूल स्रोत रहेका छन् । वर्ण व्याकरणमा वर्णव्यवस्थाका सन्दर्भमा उल्लेख गरिएका पद्धति, प्रकार र अध्ययनको उद्देश्यसँग सम्बद्ध विभिन्न विद्वान्का अवधारणालाई सैद्धान्तिक अधारका रूपमा लिइएको छ । विशेषगरी तुलनात्मक एवं प्रकार्यपरक सिद्धान्तको आलोकमा ग्रिनबर्ग (सन् १९६३), गोर्डन (सन् २००७), हेम्यान (सन् २००७), म्याडिसन् (सन् २०१३) लाई आधार मानी किराती भाषामा पाइने वर्णहरूलाई वर्णनात्मक र व्याख्यात्मक विधि अपनाउँदै लेखलाई अन्तिम रूप दिइएको छ ।

## किराती भाषामा वर्णव्यवस्था

संसारमा बोलिने भाषाहरूमध्ये ५६३ ओटा भाषाहरूमा गरिएको वर्णव्यवस्थाको अध्ययनले १ देखि २९ ओटालाई आधार मान्दा क्याम्बोडियाको आन्डोके भाषा सबैभन्दा कम व्यञ्जन वर्ण भएको भाषाको रूपमा पहिचान भएको थियो (म्याडिसन, सन् २०१३) । उक्त भाषामा १० ओटा व्यञ्जन र ९ ओटा स्वर वर्णहरू फेला परेका थिए । सबैभन्दा बढी वर्ण भएको भाषा जर्जियाको उत्तर-पश्चिममा रहेको ककेसियनमा बोलिने अबखाज भाषामा ५८ ओटा व्यञ्जन र २ ओटा मात्र स्वर वर्ण फेला परेका थिए । नेपालमा बोलिने किराती समूहका भाषाहरूमा सबैभन्दा बढी ४० ओटासम्म व्यञ्जन वर्ण र १६ ओटासम्म स्वर वर्ण रहेको पाइयो भने सबैभन्दा कम २१ ओटा व्यञ्जन वर्ण र ५ ओटा स्वर वर्ण रहेको पाइयो ।

## स्वर वर्ण

किराती समूहका भाषामा रहेका स्वर वर्णहरूको सूचीलाई तालिका १ मा प्रस्तुत गरिएको छ भने स्वर वर्णको पूर्ण विवरणको सूचीलाई परिशिष्ट १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**

किराती समूहका भाषाहरूमा स्वर वर्णहरूको सङ्ख्या

| क्र.सं. | भाषा | स्वर वर्ण | क्र.सं. | भाषा | स्वर वर्ण |
|---|---|---|---|---|---|
| १. | आठपहरिया | ५ | १५. | फाङ्दुवाली | ७ |
| २. | कुलुङ | १२ | १६. | बान्तावा | ७ |
| ३. | कोयी | १२ | १७. | बायुङ | १० |
| ४. | खालिङ | १६ | १८. | बेल्हारे | ९ |
| ५. | चाम्लिङ | ६ | १९. | मेवाहाङ | ६ |
| ६. | छिन्ताङ | ८ | २०. | लुङ्खिम | ६ |
| ७. | छिलिङ | ६ | २१. | लोहोरुङ | ६ |
| ८. | जेरुङ | ६ | २२. | वाम्बुले | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | तिलुङ | ६ | २३. | याम्फू | १२ |
| १०. | थुलुङ | ८ | २४. | साम्पाङ | १२ |
| ११. | दुङ्माली | ६ | २५. | लिम्बू | १३ |
| १२. | दुमी | १४ | २६. | कोइँच-सुनुवार | ९ |
| १३. | नाछिरिङ | ७ | २७. | याक्खा | ५ |
| १४. | पुमा | ७ | | | |

तालिका १ मा हेर्दा सबैभन्दा कम आठपरिहया र याक्खामा ५-५ ओटा स्वर वर्ण रहेको देखिन्छ भने सबैभन्दा बढी खालिङ भाषामा १६ ओटा स्वर वर्ण पाइन्छ । किराती समूहभित्र रहेका भाषाहरूको स्वर वर्णको सारांशलाई तालिका २ मा हेर्न सकिन्छ ।

**तालिका २**

किराती समूहका भाषामा रहेका स्वर वर्णको सारांश

| क्र.सं. | स्वर वर्णको सङ्ख्या | भाषा |
|---|---|---|
| १. | ५ ओटा स्वर वर्ण भएको | आठपहरिया र याक्खा |
| २. | ६ ओटा स्वर वर्ण भएको | चाम्लिङ, छिलिङ, दुङ्माली, जेरुङ, लोहोरुङ, पुमा, मेवाहाङ, तिलुङ र लुङ्खिम |
| ३. | ७ ओटा स्वर वर्ण भएको | बान्तावा, नाछिरिङ, फाङ्दुवाली |
| ५. | ८ ओटा स्वर वर्ण भएको | थुलुङ |
| ६. | ९ ओटा स्वर वर्ण भएको | बेल्हारे, छिन्ताङ |
| ७. | १० ओटा स्वर वर्ण भएको | बायुङ, वाम्बुले |
| ९. | १२ ओटा स्वर वर्ण भएको | कोयी, कुलुङ, साम्पाङ र याम्फू |
| १०. | १३ ओटा स्वर वर्ण भएको | लिम्बू |
| १२. | १४ ओटा स्वर वर्ण भएको | दुमी |
| १३. | १६ ओटा स्वर वर्ण भएको | खालिङ |

तालिका २ मा हेर्दा ५ ओटा वर्ण भएको सूचिभित्र आठपहरिया र याक्खा दुईओटा भाषा देखिन्छन् । ६ ओटा स्वर वर्ण भएका भाषामा चाम्लिङ, छिलिङ, दुङ्माली, जेरुङ, लोहोरुङ, पुमा, मेवाहाङ, तिलुङ र लुङ्खिम पर्छन् भने ७ ओटा स्वर वर्ण भएका भाषाका सूचीमा बान्तावा, नाछिरिङ, फाङ्दुवाली पर्छन् । थुलुङ ८ ओटा स्वर वर्ण भएको भाषा हो । ९ ओटा स्वर वर्ण भएका भाषामा बेल्हारे र छिन्ताङ पर्छन् । त्यसै गरी १० ओटा स्वर वर्ण भएका भाषाका सूचीमा बायुङ र वाम्बुले, १२ ओटा स्वर वर्ण भएका भाषामा कोयी, कुलुङ, साम्पाङ र याम्फू पर्छन् । १४ ओटा स्वर वर्ण भएका भाषाका सूचीमा दुमी र सबैभन्दा बढी १६ ओटा स्वर वर्ण भएका भाषाको सूचीमा खालिङ भाषा देखिन्छ ।

कुनै पनि भाषा वा भाषा परिवारको सबै भन्दा पुरानो वा आद्य रूपको लागि पुर्नसंरचना गर्ने प्रचलन छ । यो ऐतिहासिक भाषाविज्ञानको विषयक्षेत्र हो । यसअनुसार भोट-बर्मेली भाषामा *आ, ओ, उ, इ, र ए गरी पाँचओटा स्वर वर्णलाई आद्य स्वर मानिएको छ (बेनेडिक्ट, १९७२, पृ. ५७-५८) । भोटबर्मेली भाषामा आद्य रूप मानिने पाँचओटा स्वर वर्णलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३**

भोट-बर्मेली आद्य स्वर

| | अग्र | केन्द्रीय | पश्च |
|---|---|---|---|
| उच्च | *इ | | *उ |
| अर्धउच्च | *ए | | *ओ |
| अर्धनिम्न | | | |
| निम्न | | *आ | |

(स्रोत : बेनेडिक्ट, सन् १९७२, पृ. ५७-५८)

किराती समूहका भाषामा सबैभन्दा कम ५ ओटादेखि सबैभन्दा बढी १६ ओटासम्म स्वर वर्णहरू फेला परेका छन् । तिब्बती-बर्मेली भाषामा प्राग् वा आद्य स्वरका रूपमा *आ, ओ, उ, इ, ए रहेकामा सबै किराती समूहका भाषामा यी स्वर वर्णहरू साझा रूपमा भेटिन्छन् ।

आठपहरिया र याक्खाबाहेक अन्य किराती भाषामा पश्च निम्न वा केन्द्रीय निम्न/अ/, /अ/ आएको पाइन्छ (केन्द्रीय स्वरका लागि अक्षका बिचमा तेर्सो धर्कोले काटिएका छन्, जस्तैः /अ/, /इ/ आदि) । यो स्वर वर्णको छिन्ताङ, दुमी, कोयी, कुलुङ, साम्पाङ भाषामा व्यतिरेकी नै पाइन्छ । त्यसै गरी बायुङ, लिम्बू, लोहोरुङ भाषामा अर्धउच्च र अर्धनिम्न अगोलित/ए/, /ए./ मा व्यतिरेकी पाइन्छन् ।

किराती समूहका सबै भाषामा प्राक्तिब्बतीर्मेलीअनुरूप अग्रउच्च र अर्धउच्च अगोलित/इ/, /ए/, पश्च गोलित /उ/, /ओ/ तथा केन्द्रीय स्वर /आ/ पाइन्छन् । बान्तावा, दुमी, लिम्बू, नाछिरिङ, फाङ्दुवाली जस्ता भाषामा केन्द्रीय उच्च गोलित/इ/ पाइएका छन् भने उच्च केन्द्रीय अगोलित /उ/ स्वर वर्ण छिन्ताङ, बायुङ र खालिङमा पाइन्छन् । अनुनासिकता पुमा, चाम्लिङ, कोयी जस्ता केही भाषामा पूर्ण र अन्यमा आंशिक रूपमा देखिन्छन् ।

इन्डोआर्य प्रभाव वा अन्य भाषाको सम्पर्कका कारण पनि तिब्बती-बर्मेली भाषामा केही थप वर्णहरू आएका छन्, उदाहरणका रूपमा पश्च स्वर/आ/ नेपाली भाषाको प्रभाव मानिन्छ (राई, २०१२, पृ.३५-३६) ।

## व्यञ्जन वर्ण

किराती भाषामा के कति सङ्ख्यामा वर्णहरू छन् भन्ने कुरालाई तालिका ४ मा प्रस्तुत गरिएको छ भने वर्णमालाको सूची परिशिष्टमा समावेश गरिएको छ ।

**तालिका ४**

किराती समूहका भाषाहरूमा व्यञ्जन वर्णहरूको सङ्ख्या

| **क्र.सं.** | **भाषा** | **व्यञ्जन वर्ण** | **क्र.सं.** | **भाषा** | **व्यञ्जन वर्ण** |
|---|---|---|---|---|---|
| १. | आठपहरिया | २६ | १५. | फाङ्दुवाली | २३ |
| २. | कुलुङ | २१ | १६. | बान्तावा | ३२ |
| ३. | कोयी | २६ | १७. | बायुङ | २७ |
| ४. | खालिङ | २६ | १८. | बेल्हारे | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | चाम्लिङ | ४० | १९. | मेवाहाङ | २६ |
| ६. | छिन्ताङ | २५ | २०. | लुङ्खिम | २६ |
| ७. | छिलिङ | २५ | २१. | लोहोरुङ | २६ |
| ८. | जेरुङ | ३२ | २२. | वाम्बुले | ३२ |
| ९. | तिलुङ | २६ | २३. | याम्फू | २२ |
| १०. | थुलुङ | २२ | २४. | साम्पाङ | २९ |
| ११. | दुङ्माली | २३ | २५. | लिम्बू | २७ |
| १२. | दुमी | २६ | २६. | सुनुवार | २७ |
| १३. | नाछिरिङ | २६ | २७. | याक्खा | ३० |
| १४. | पुमा | ३२ | | | |

तालिका ४ मा देखिएझैं किराती समूहका भाषामा वर्ण सङ्ख्या फरकफरक देखिन्छ । चाम्लिङ भाषामा सबैभन्दा व्यञ्जन वर्णको सङ्ख्या नै ४० देखिन्छ भने सबैभन्दा कम कुलुङ भाषामा २१ ओटा व्यञ्जन वर्ण रहेको पाइन्छ । यसरी पाइएका वर्णलाई अझ व्यवस्थित र क्रमागत सारांशलाई तालिका ५ मा हेर्न सकिन्छ ।

**तालिका ५**

व्यञ्जन वर्णको सङ्ख्याको आधारमा भाषा

| | व्यञ्जन वर्णको सङ्ख्या | भाषा |
|---|---|---|
| १. | २१ व्यञ्जन वर्ण भएको | कुलुङ |
| २. | २२ व्यञ्जन वर्ण भएको | आठपहरिया, थुलुङ, याम्फू |
| ३. | २३ व्यञ्जन वर्ण भएको | दुङ्माली, फाङ्दुवाली |
| ५. | २५ व्यञ्जन वर्ण भएको | छिलिङ, छिन्ताङ |
| ६. | २६ व्यञ्जन वर्ण भएको | बेल्हारे,नाछिरिङ, दुमी, कोयी, खालिङ, मेवाहाङ, लोहोरुङ, लुङ्खिम, तिलुङ |
| ७. | २७ व्यञ्जन वर्ण भएको | बायुङ, लिम्बू, कोइँच-सुनुवार |
| ९. | २९ व्यञ्जन वर्ण भएको | साम्पाङ |
| १०. | ३० व्यञ्जन वर्ण भएको | याक्खा |
| १२. | ३२ व्यञ्जन वर्ण भएको | बान्तावा, जेरुङ, पुमा, वाम्बुले |
| १३. | ४० व्यञ्जन वर्ण भएको | चाम्लिङ |

तालिका ५ मा उल्लेख भएझैं २१ओटा व्यञ्जन वर्ण भएको भाषामा कुलुङ, २२ ओटा व्यञ्जन वर्ण भएका भाषामा आठपहरिया, थुलुङ, याम्फू, २३ ओटा व्यञ्जन वर्ण भएका भाषामा दुङ्माली, फाङ्दुवाली पर्छन् । त्यसै गरी २५ व्यञ्जन वर्ण भएका भाषामा छिलिङ, छिन्ताङ, २६ ओटा व्यञ्जन वर्ण भएका भाषामा बेल्हारे, नाछिरिङ, दुमी, कोयी, खालिङ, मेवाहाङ, लोहोरुङ, लुङ्खिम, तिलुङ पर्छन् । बायुङ, लिम्बू, कोइँच-सुनुवार २७ ओटा व्यञ्जन वर्ण भएका भाषा हुन् । २९ ओटा व्यञ्जन वर्ण भएको भाषाभित्र साम्पाङ पर्छ भने ३० ओटा व्यञ्जन वर्ण भएको भाषाभित्र याक्खा भाषा पर्छ । बान्तावा,

जेरुङ, पुमा, वाम्बुले जस्ता भाषामा ३२ व्यञ्जन वर्ण पाइन्छन् भने सबैभन्दा बढी ४० ओटा व्यञ्जन वर्ण भएको भाषा चाम्लिङ हो ।

भोट-बर्मेली भाषामा *ग्, क्, ङ्, द्, त्, न्, स्, ज्, ह्, र्, ल्, ब्, प्, म्, व्, र य् गरी १६ ओटा व्यञ्जन वर्णलाई आद्य व्यञ्जन वर्ण मानिएको छ (बेनेडिक्ट १९७२ पृ. १३) । भोट-बर्मेली भाषामा रहेको आद्य व्यञ्जनलाई तालिका ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६**

भोट-बर्मेली आद्य व्यञ्जन वर्ण

| | ओष्ठ्य | दन्त्य | वर्त्स्य | तालव्य | कण्ठ्य | अति कण्ठ्य |
|---|---|---|---|---|---|---|
| **स्पर्शी**<br>अघोष<br>सघोष | *प्<br>*ब् | *त्<br>*द् | | | *क्<br>*ग् | |
| **स्पर्श-सङ्घर्षी**<br>अघोष<br>सघोष | | | *ज् | | | |
| **सङ्घर्षी**<br>अघोष<br>सघोष | | | *स् | | | *ह् |
| **नासिक्य** | *म् | | *न् | | *ङ् | |
| **प्रकम्पित** | | | *र् | | | |
| **पार्श्विक** | | | *ल् | | | |
| **अर्धस्वर** | *व् | | | *य् | | |

(स्रोत : बेनेडिक्ट, सन् १९७२, म्याटिसफ, सन् २००३, पृ. १५)

किराती समूहका भाषामा सामान्यतः उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वका चार आयाममा व्यतिरेकी देखिन्छन् । उच्चारण स्थानका आधारमा सामान्यतः ओष्ठ्य, दन्त्य, वर्त्स्य, तालव्य, कण्ठ्य, अति कण्ठ्य (स्वरयन्त्रमुखी)लगायत अन्तःस्फोटक जस्ता व्यञ्जन वर्णहरू पाइन्छन् ।

किराती समूहभित्र दन्त्य वर्ण /त्/, /थ्/, /द्/ र /ध्/) भएको तर वर्त्स्य /ट्/, /ठ्/ /ड्/, /ढ्/ वर्ण नभएको र दन्त्य र वर्त्स्य दुवै किसिमका वर्ण भएका भाषाहरू पाइन्छन् । वर्त्स्य विशेषता भएका भाषारू मात्रै पनि पाइन्छन् । वर्त्स्य विशेषता भएका भाषामा आठपहरिया, बान्तावा, बेल्हारे, चाम्लिङ, छिन्ताङ, छिलिङ, दुङ्माली, जेरुङ, कोइँच-सुनुवार, खालिङ, लोहोरुङ, मेवाहाङ, नाछिरिङ, पुमा, फाङ्दुवाली, साम्पाङ, तिलुङ, वाम्बुले याक्खा र याम्फूमा देखिन्छन् भने दन्त्य वर्ण भएका भाषामा लुङखिम, मेवाहाङ, कोयी, थुलुङ देखिन्छन् । दन्त्य र वर्त्स्य दुवै किसिमका वर्ण भएका भाषामा बायुङ, दुमी र लिम्बू पर्छन् । औसत रूपमा किराती समूहका भाषामा दन्त्य र वर्त्स्य बिच व्यतिरेकी पाइँदैन ।

राई (सन् २०१२) ले गरेको चाम्लिङको एउटा मात्र भाषिक भेदलाई मात्र समावेश गरेर गरेका अध्ययनमा चाम्लिङभित्र रहेका तीनओटा भेदहरूमध्ये खोटाङ साकेला भाषिका छुट्न पुगेको छ जसले

गर्दा दन्त्य वर्ण विशेषता भएको भौगोलिक भेद नै छुट्न पुगेको छ । बान्तावामा पनि दुर्नेनबाल (सन् २००९)ले गरेको बान्तावा भाषाको अध्ययनमा वर्त्स्य वर्ण देखिए पनि आम्चोक वा दिल्पा आदि बान्तवाका अन्य भाषिक भेदमा दन्त्य वर्ण पनि पाइन्छन् । किराती भाषाहरूमा दन्त्यबाट क्रमशः दन्त्य-वर्त्स्य हुँदै वर्त्स्य वर्णमा उत्परिवर्तन भएको देखिन्छ । यसले किराती भाषाहरू मूलतः दन्त्य विशेषता भएका भाषा हुन् तर कालान्तरमा वर्त्स्य वर्णमा रूपान्तरण हुन पुगेको देखिन्छ जुन कुरा आद्य भोटबर्मेली भाषामा समेत देखिन्छ । दुर्नेनबाल (सन् २००९) ले बान्तावा र राई र राई (२०७०) ले फाङ्दुवाली भाषामा वर्त्स्य वर्णलाई मूर्धन्य वर्णका रूपमा सूचीकृत गरेका छन् । यो वास्तवमा किराती भाषा वा भोटबर्मेली भाषाको मौलिक विशेषता नभई इन्डोआर्य भाषाको प्रभाव हो ।

कोइँच-सुनुवार, कुलुङ, लोहोरुङ, फाङ्दुवाली भाषामा ओष्ठ्यको लघुतम युग्म नपाइएकाले /भ्/ व्यञ्जनलाई समावेश गरेको देखिँदैन । अन्य आठपहरिया, थुलुङ, याम्फू दुङ्माली, फाङ्दुवाली, छिलिङ, छिन्ताङ, बेल्हारे, नाछिरिङ, दुमी, कोयी, खालिङ, मेवाहाङ, लुङ्खिम, तिलुङ, बाहिङ/बायुङ, लिम्बू, साम्पाङ, याक्खा, बान्तावा, जेरुङ, पुमा, वाम्बुले र चाम्लिङ भाषामा पाइन्छन् ।

तालव्य स्थानिक व्यञ्जन वर्णका रूपमा कोइँच-सुनुवार भाषामा मात्र /च्/ र /श्/ आएको पाइन्छ जुन कुरा अपवाद हो (न्यौपाने, २०७४) । अन्य कुनै पनि किराती भाषामा /य्/ बाहेक अन्य व्यञ्जन वर्ण तालव्यका रूपमा आएको देखिँदैन । चाम्लिङ र पुमा भाषामा मात्र अनुनासिकता नभएर प्रकम्पित र पार्श्विकमा समेत प्राणत्व विभेदक देखिन्छन् ।

अधिकांश किराती भाषाहरूमा अति कण्ठ्य वा स्वरयन्त्रमुखी ध्वनि पाइन्छन् । कण्ठ्य ध्वनि भएका भाषाहरूमा आठपहरिया, कुलुङ, खालिङ, थुलुङ, कोयी, दुमी, जेरुङ, मेवाहाङ, नाछिरिङ, पुमा, बेल्हारे, लुङ्खिम, लोहोरुङ, वाम्बुले, याम्फू र फाङ्दुवाली जस्ता भाषाहरू पर्छन् । तर बान्तावा, चाम्लिङ, तिलुङ, छिलिङ, दुङमाली, बायुङ, साम्पाङ जस्ता भाषाहरूमा अति कण्ठ्य वर्ण पाइँदैनन् । वाम्बुले, बायुङ र जेरुङ, कोइँच-सुनुवार भाषामा अन्तःस्फोटक वर्ण पाइन्छन् जुन विरलै विशेषता भएको भाषाका रूपमा लिइन्छ ।

## निष्कर्ष

किराती समूहका भाषामा सबैभन्दा कम २१ देखि ४० ओटासम्म व्यञ्जन वर्णको व्यवस्था देखिन्छ भने सबैभन्दा कम ५ देखि सबैभन्दा बढी १६ ओटासम्म स्वर वर्णको व्यवस्था रहेको पाइन्छ । भोट-बर्मेली भाषामा *आ, ओ, उ, इ, र ए गरी ५ ओटा आद्य स्वर मानिएकामा यी स्वर वर्णहरू सबै किराती भाषाले साझा गरेका छन् । आद्य स्वर बराबरी भएको भाषाभित्र आठपहरिया र याक्खा आउँछन् । यसबाहेक अन्य किराती भाषामा पश्च वा केन्द्रीय/अ/,/अ/ आएको देखिन्छ । त्यसै गरी बायुङ, लिम्बू, लोहोरुङ भाषामा अर्धउच्च र अर्धनिम्न अगोलित/ए/, /ए./मा व्यतिरेकी पाइन्छन् । इन्डोआर्य भाषाको प्रभाव वा अन्य भाषाको सम्पर्कका कारण पनि भोट-बर्मेली भाषामा केही थप निम्न पश्च स्वरका रूपमा/आ/ वर्ण आएको देखिन्छ । त्यसै गरी दन्त्य वर्ण मात्र भएको, वर्त्स्य वर्ण मात्र भएको र दन्त्य र वर्त्स्य दुवै किसिमका वर्णहरू भएका भाषाहरू पाइन्छन् । वर्त्स्य विशेषता भएका भाषामा आठपहरिया, बान्तावा, बेल्हारे, चाम्लिङ, छिन्ताङ, छिलिङ, दुङ्माली, जेरुङ, कोइँच-सुनुवार, खालिङ, लोहोरुङ, मेवाहाङ, नाछिरिङ, पुमा, फाङ्दुवाली, साम्पाङ, तिलुङ, वाम्बुले याक्खा र याम्फूमा

देखिन्छन् भने दन्त्य वर्ण भएका भाषामा लुङ्खिम, मेवाहाङ, कोयी, थुलुङमा देखिन्छन् । दन्त्य र वर्त्स्य दुवै किसिमका वर्ण भएका भाषामा बायुङ, दुमी र लिम्बूमा पाइन्छ । औसत रूपमा किराती समूहका भाषाहरूमा दन्त्य र वर्त्स्य बिच व्यतिरेकी पाइँदैन । तालव्य स्थानिक व्यञ्जन वर्णका रूपमा कोइँच-सुनुवार भाषामा मात्र/च्/ र/श्/ आएको पाइन्छ जुन अन्य कुनै पनि किराती भाषामा/य्/ बाहेक अन्य तालव्यस्थानिक व्यञ्जन वर्णका रूपमा आएको देखिँदैनन् । अधिकांश किराती भाषामा अति कण्ठ्य ध्वनि पाइन्छन् । अति कण्ठ्य ध्वनि भएका भाषामा आठपहरिया, कुलुङ, खालिङ, थुलुङ, कोयी, दुमी, जेरुङ, मेवाहाङ, नाछिरिङ, पुमा, बेल्हारे, लुङ्खिम, लोहोरुङ, वाम्बुले, याम्फू र फाङ्दुवाली जस्ता भाषाहरू पर्छन् । नेपालमा मात्रै नभएर दशिण एसियामा नै दुर्लभ मानिने अन्तःस्फोटक ध्वनि चाहिँ वाम्बुले, बायुङ र जेरुङ, कोइँच-सुनुवार भाषामा पाइएका छन् ।

### चिन्ह वा सङ्केत

| | |
|---|---|
| * | = आद्य रूप (proto-form)का लागि प्रयोग भएको चिन्ह वा सङ्केत |
| / / | = वर्णलाई उल्लेख गर्न प्रयोग भएको सङ्केत |
| /ए./ | = अर्ध निम्न स्वर जसमा (.) मा थोप्लो दिइएको |
| /उ./ | = उच्च अगोलित केन्द्रीय स्वर |
| आ | = केन्द्रीय निम्न स्वर |
| : | = स्वर दीर्घता |
| ʔ | = अति कण्ठ्य वा स्वरयन्त्र मुखी |
| */ɓ/, /ɗ/, /ɠ/* | = अन्तःस्फोटक |
| र. | = ताडित |

### सन्दर्भ सामग्रीसूची


काइँला, बैरागी (सम्पा.) (२०६७). *लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८). *नेपालको राष्ट्रिय जनगणना २०५८.* नेपाल सरकार ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८). *नेपालको राष्ट्रिय जनगणना २०६८.* नेपाल सरकार ।

न्यौपाने, टंकप्रसाद (२०५८). *आठपहरिया राईको भाषिक अध्ययन.* मानविकी तथा सामाजिक शास्त्र डिनको कार्यालय त्रि.वि. (अप्रकाशित विद्यावारिधि शोधग्रन्थ) ।

न्यौपाने, टंकप्रसाद (२०७४). *किरात भाषाहरू र नेपाली भाषाको व्यतिरेकी अध्ययन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद (२०५९). 'चाम्लिङ भाषाको वर्ण'. *चाम्लिङ अर्धवार्षिक पत्रिका.* अङ्क ११, पृ.७५ ।

पोखरेल, माधवप्रसाद (२०६९). *लोहोरुङ भाषाको वर्ण पहिचान.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद (२०७४). *याक्खा भाषाको वर्ण पहिचान.* भाषा आयोगमा प्रस्तुत प्रतिवेदन ।

पोखरेल, माधवप्रसाद र राई, तारामणि (२०७६). *लुङ्खिम भाषाको वर्ण पहिचान.* भाषा आयोगमा प्रस्तुत प्रतिवेदन ।

राई, तारामणि (२०७५). 'किराती भाषामा आलेखन : स्थिति र चुनौती'. *निप्सुङ,* अङ्क ३६, पृ.९८-१०५ ।

राई, तारामणि (२०७५क). 'थुलुङ भाषाको वर्ण पहिचान'. *थुलुङ,* अङ्क १, पृ. १-९ ।

राई, तारामणि (२०७५). 'नाछिरिङ भाषाको वर्ण पहिचान'. किरात रदु नाछिरिङ साखाम केन्द्र ।
राई, तारामणि (२०८०). 'जनगणनाको तथ्याङ्कमा राई भाषा कसरी आयो ?'. *इक लिब्जुभुम्जु.* अङ्क १, पूर्णाङ्क २०, पृ. ३-६ ।
राई, तारामणि, राई, कैलाश कुमार र जेरुङ, नैन सेटाल्चो (२०७५). *जेरुङ भाषाको वर्ण पहिचान.* भाषा आयोगमा प्रस्तुत प्रतिवेदन ।
राई, नानुमति (२०७०). *साम्पाङ भाषाको वर्णमाला.* किरात राई साम्पाङ जुम्लेखा ।
राई, निराजन (२०७२). *दुङ्माली व्याकरण.* किरात राई दुङमाली भाषा संस्कृति संक्षण मञ्च ।
राई, पदम र राई, तेजमाया (२०७०). *छिलिङ भाषाको वर्ण निर्धारण.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान प्रस्तुत प्रतिवेदन ।
राई, पदम र राई, तेजमाया (२०७०क). *फाङ्दुवाली भाषाको वर्ण निर्धारण.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान प्रस्तुत प्रतिवेदन ।
राई, पदम र राई, तेजमाया (२०७१). *तिलुङ भाषाको वर्ण निर्धारण.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान प्रस्तुत प्रतिवेदन ।
राई, विष्णु एस., राई, श्रीकुमार पुमा, गौतम, नारायणप्रसाद, शाकोब, डियाना, सबिने गुयेन्थेर, राई, अर्जुन, चिन्तन, गणेश पुमा, ग्यान्सले, मार्टिन, पेटियु, जुडी र बिकेल, बाल्थाजर (सन् २००९). *पुमा शब्दकोश एवं व्याकरण.* किरात पुमा राई तुप्खाबाङ्खाला ।
रापचा, लाल-श्याँकारेलु, यालुङ्छा, वाग्-आयाग्यामी र तुम्याहाङ, अमर (सन् २००९). *इन्डो-नेपाल किराती भाषाहरू विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरू.* किरातविज्ञान अध्ययन संस्थान, नेपाल ।
राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८). *नेपालको राष्ट्रिय जनगणना २०७८.* नेपाल सरकार ।
Allen, N. J. (1975). *Sketch of Thulung grammar.* Cornell University.
Banjade, G., Regmi, B.N., Rai, G. and Rai, T. (2004). *A Basic Mewahang-Nepali-English Dictionary*. Report. National foundation for Indigenous Nationalities.
Benedict, P. (1972). *Sino-Tibetan: A Conspectus*. Cambridge University Press.
Bickel, B. (1976). *Aspect, Mood and Tribe in Belhare: Studies in the Semantics-Pragmatics Interface of Himalayan Languages*. University of Zurich.
Borchers, D. (2008). *A grammar of Sunwar: descriptive grammar, paradigms, texts and glossary* Brill.
Doornenbal, M. A. (2009). *A Grammar of Bantawa.Grammar, paradigm tables, glossary and texts of the Rai language of Eastern Nepal*. LOT Publications.
Eppele, M. J., Lewis,P., Regmi, D.R.and Yadava, Y.P. (eds.).(2012). *Ethnologue: Languages of Nepal.* Central Department of Linguistics and SIL Intenational
Gordon, M.(2016). *Phonological Typology***.** Oxford University Press.
Greenberg, J.H . (1963). *Universals of Language*. MIT, Cambdrige.

Gussenhoven, C. and Jacobs, H. (2011). *Understanding phonology*, 3rd ed. Hodder Education, London.

Hayman, L. (2007). "Where's phonology in typology*?"*. *Linguistic Typology*. 11(2007) pp. 265–271

Hodgson, B. H. (1847). 'On the aborigins of the sub-Himalayas', J*ournal of the Asiatic Society of Bengal* Vol. Xvi.Part ii. 1235 and ff (Reprinted in selections from the records of the government of Bengle, No. xxvii. Calcutta.1857. Another reprint, under the title 'On the Aborigins of the Himalay', in Hodgson's essays on the Languages, literature, and Religeon of Nepal and Tibet. London, 1874, Part ii, pp.29 and ff].

Hodgson, B. H. (1857). 'Comparative Vocabulary of the Languages of the broken Tribes of Nepal'*,* in *Journal of the Asiatic Society of Bengal*, Vol. xxvii: 333-371 and ff. Reprinted in Miscellaneous Essays relating to Indian Subjects. Vol.i, London, 1880:194 and ff.

Lewis, M. P. and Simons, G. F.(2010). 'Assessing Endangerment: Expanding Fishman's GIDS'. *Revue Romaine de Linguistique.* pp. 55. 103-120.

Maddieson. I.(2013).'Consonant Inventories'. In: Dryer, Matthew S. & Haspelmath, Martin(eds.)WALSOnline(v2020.3)[Dataset].nodo.https://doi.org/10.5281/zenodo.7385533 (Available online at http://wals.info/chapter/1, Accessed on 2023-07-20.)

Maddieson, I. (2008). 'Vowel Quality Inventories'. In Martin Haspelmath, Matthew S. Dryer, David Gil and Bernard Comrie. (eds.) pp. 2-4.

Matisoff, J. A. (2003). *Handbook of Proto Tibeto-Burman: System and* Philosophy of Sino-Tibetan Reconstruction. University of California Press.

Moseley, C. (ed.). (2010). *Atlas of the World's languages in danger*. 3rd edn. UNESCO Publishing.

Opgenort, J.R. (2004).*A Grammar of Wambule.Grammar, Lexicon, Texts and cultural survey of a Kiranti Tribe of Eastern Nepal*. Brill's Tibetan Studies Library, Languages of the greater Himalayan Region, 5/2. Koninklijke Brill.

Paudyal, N. P. (2015). *Aspects of Chintang Syntax*. Ph.D. Dissertation, Zürich.

Rai, N.M. (2016). *A Grammar of Dumi.* PhD Dissertation. Tribhuvan University, Nepal.

Rai, N.K. (1985). *A Descriptive Study of Bantawa*. PhD Diss., Deccan College, University of Pune, Maharastra.

Rai, T. M. (2015). *A Grammar of Koyee.* PhD Dissertation. Tribhuvan University, Nepal.

Rai, T. M. (2022). *Clusivity in the Kirati Languages: A Typological Study*. Mini-Research Report. Research Directorate, Rector's Office, Tribhuvan University, Kirtipur, Kathmandu, Nepal.

Rai, V.S. (2012). *A Grammar of Chamling.* PhD Dissertation. Univesität Bern, Swizerland.
Rapacha, L.B. (2008). *Kiranti-Bayung Grammar, Texts and Lexicon.* SIRF, SNV.
Rutgers, R.(1998). *Yamphu: grammar, texts and lexicon*. CNWS Publications.
Tolsma, G.J. (2006). *A grammar of Kulung*. Brill.
van Driem, G.(1987). *A Grammar of Limbu.* Mouton de Gruyter.
Widert, A & B. Subba. (1985). *Concise Limbu Grammar and Dictionary.* Lobster Publication.

# परिशिष्ट १

देवनागरी लिपिमा उपलब्ध हुन नसेकका सङ्केतकका लागि अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमालामा पाइने सङ्केतकको नै प्रयोग गरिएको छ, जस्तैः *ʔ* (अति कण्ठ्य), */ɓ/, /ɗ/* (अन्तःस्फोटक), त्यसै गरी दीर्घताका लागि (:), अर्धउच्च संवृत र अगोलितका लागि तल थोप्ला (.) को प्रयोग गरिएको छ ।

**१. आठपहरिया**

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | (ख्) | ग् | (घ्) | ङ् |
| च् | (छ्) | ज् | झ् | |
| त् | (थ्) | द् | (ध्) | न् |
| प् | (फ्) | ब् | (भ्) | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | *ʔ* | | | |

**आ) स्वर**

| | | | | |
|---|---|---|---|---|
| आ | इ | उ | ए | ओ |

(स्रोत : न्यौपाने, २०५८))

**२. कुलुङ**

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | (ख्) | ग् | | ङ् |
| च् | (छ्) | ज् | | |
| त् | (थ्) | द् | | न् |
| प् | (फ्) | ब् | | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | *ʔ* | | | |

**आ) स्वर**

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ओ |

(स्रोत : टोल्स्मा, १९९७, पृ. ३०)

**३. कोयी**

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | *ʔ* | | | |

आ) स्वर

| | | |
|---|---|---|
| अ/अ: | आ/आ: | इ/इ: |

| | | |
|---|---|---|
| उ/उः | ए/एः | ओ/ओः |

(स्रोत : राई र बुढाथोकी, सन् २००८ र राई, २०१५, पृ. ३०)

## ४. खालिङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| त् | थ् | द् | ध् | न् |
| ट् | ठ् | | | |
| प् | फ् | ब् | | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | ʔ | | | |

आ) स्वर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ए ε | ओ |

(स्रोत : पोखरेल, २०६९)

## ५. चाम्लिङ

अ) व्यञ्जन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क् | ख् | ग् | घ् | ङ् | ङ्ह |
| | च् | छ् | ज् | झ् | | |
| | ट् | ठ् | ड् | ढ् | | |
| त् | थ् | द् | ध् | न् | न्ह | |
| त्̱ | थ्̱ | द्̱ | ध्̱ | न्̱ | | |
| प् | फ् | ब् | भ् | म् | म्ह | |
| | य् | र् | र्ह | | | |
| ल् | ल्ह | | | | | |
| व् | व्ह | | | | | |
| स् | | | | | | |
| | ह् | | | | | |

आ) स्वर

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ̄ | इ | उ | ए | ओ |

(स्रोत : पोखरेल, २०५९, पृ. ७५)

## ६. छिन्ताङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | ढ् | |
| | | | | न् |

| | | | | |
|---|---|---|---|---|
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | | | | |

आ) स्वर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अ/अः | आ | इ | उ | उʔ | ए | ओ |

(स्रोत : पौड्याल, २०७५)

## ७. छिलिङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | (घ्) | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | ढ् | |
| | | | | न् |
| प् | फ् | ब् | (भ्) | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | | | | |

आ) स्वर

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ओ |

(स्रोत : राई, २०७०)

## ८. जेरूङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | ढ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | ʔ | | | |

6 d

आ) स्वर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अ | आ | इ | उ | ए | ओ |

(स्रोत : राई र अन्य, २०७५)

## ९. तिलुङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | | |
| | | | | न् |

| | | | | |
|---|---|---|---|---|
| प् | फ् | ब् | | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | | | | |

आ) स्वर

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ओ |

(स्रोत : राई र राई, २०७१)

## १०. थुलुङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| | | (ड्) | (ढ्) | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| | ह् | ʔ | | |

आ) स्वर

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अ | आ | इ | *i* | उ | ए | ए. | ओ |

(राई २०७५, पृ. १-९)

## ११. दुङ्माली

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | ढ् | |
| | | | | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | | | | |

**आ) स्वर**

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ओ |

(स्रोत : राई, २०७२)

## १२. दुमी

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | ʔ | | | |

आ) स्वर

अ /अः आ/आः इ/इः *i/ɨ*

उ/उः ए/एः ओ/ओः

(स्रोत : राई, २०१६)

### १३. नाछिरिङ

अ) व्यञ्जन

क् ख् ग् घ् ङ्

च् छ् ज् झ्

त् थ् द् ध् न्

प् फ् ब् भ् म्

य् र् ल् व् स्

ह् ʔ

आ) स्वर

अ/अः आ/आः इ/इः *ɨ*

उ/उः ए/एः ओ/ओः

(स्रोत : राई, २०७५)

### १४. पुमा

अ) व्यञ्जन

क् ख् ग् घ् ङ्

च् छ् ज् झ्

ट् ठ् ड् ढ्

त् थ् द् ध् न् न्ह

प् फ् ब् भ् म् म्ह

य् र् ल् व् स्

ह् ʔ

आ) स्वर

अ आ इ उ ए ओ

(स्रोत : राई र अन्य, सन् २००९)

### १५. फाङ्दुवाली

अ) व्यञ्जन

क् ग् ङ्

च् छ् ज् झ्

ट् ठ् ड् ढ्

न्

प् फ् ब् म्

य् र् ल् व् स्

ह् अ्

आ) स्वर

| | | | | |
|---|---|---|---|---|
| आ | इ | उ | ए | ओ |

(स्रोत : राई र राई, २०७०)

**१६. बान्तावा**

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | ढ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| | ह् | | | |

आ) स्वर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आ | इ | इ | उ | अ | ए | ओ |

(स्रोत : दुर्नेननबल, २००९, पृ. १७)

**१७. बायुङ**

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | ʔ | | | |

*b*

आ) स्वर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ | आ | इ | *i* | उ | ए | ओ |

(स्रोत : रापचा, सन् २००८)

**१८. बेल्हारे**

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | (ग्) | (घ्) | ङ् |
| च् | छ् | (ज्) | (झ्) | |
| ट् | ठ् | ड् | ढ् | |
| | | | | न् |
| प् | फ् | ब् | (भ्) | म् |
| य् | र् | ल् | व् | स् |
| | ह् | ʔ | | |

आ) स्वर

| | | | | | |
|---|---|---|---|---|---|
| (अ) | आ | इ/इ | उ/उ | ए/ए | ओ |

(स्रोत : बिकेल, सन् २००९, पृ. १७)

## १९. मेवाहाङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | ल्ह | व् |

स् ह् ʔ

आ) स्वर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ | आ | इ | ɨ | उ | ए | ओ |

(स्रोत : बन्जाडे र अन्य, सन् २००४)

## २०. लुङ्खिम

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | | ङ् |
| च् | छ् | ज् | झ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | (भ्) | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | ʔ | | | |

आ) स्वर

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ओ |

(स्रोत : पोखरेल र राई, २०७६)

## २१. लोहरूङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | | | ङ् |
| च् | छ् | | | |
| ट् | ठ् | ड् | | |
| त् | थ् | | | न् |
| प् | फ् | ब् | | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | ʔ | | | |

आ) स्वर

| | | | | | |
|---|---|---|---|---|---|
| आ | इ | उ | ए | ए | ओ |

(स्रोत : पोखरेल, २०६९)

## २२. वाम्बुले

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | | | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | ढ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | | | | |

ʔ *ɓ* *ɗ*

आ) स्वर

आ इ उ ए ओ

(स्रोत : ओप्गेनर्ट, सन् २००४, पृ. ७५)

## २३. याम्फू

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | (ग्) | (घ्) | ङ् |
| च् | छ् | (ज्) | (झ्) | |
| त् | थ् | (द्) | (ध्) | न् |
| प् | फ् | ब् | (भ्) | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | ʔ | | | |

आ) स्वर

आ/आः इ/इः उ/उः

ए/एः आ/ओः

(स्रोत : रूटजर्स, सन् १९९८)

## २४. साम्पाङ

अ) व्यञ्जन

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | | | | |

आ) स्वर

आ इ उ ए ओ

(स्रोत : राई, २०७०)

## २५. लिम्बू

अ) व्यञ्जन

क्  ख्  ग्  घ्  ङ्
च्  छ्  ज्
त्  थ्  द्  ध्  न्
प्  फ्  ब्  भ्  म्
य्  र्  ल्  व्  स्
ह्  ʔ

आ) स्वर

अ/अः  आ/आः  इ/इः  उ/उः
ए/एः  ए. ɛ/ए.ः  ओ/ओः

(स्रोत : काइँला र अन्य, २०६७)

## २६. कोँइच-सुनुवार

अ) व्यञ्जन

क्  ख्  ग्  घ्  ङ्
च्  छ्  ज्  झ्
ट्  ठ्
त्  थ्  द्  ध्  न्
प्  फ्  ब्  म्
य्  र्  ल्  व्  स्
श  ह्
ʔ  *b*

आ) स्वर

अ  आ  इ  उ  ए  एɛ  ओ

(सुल्जी, सन् १९९५ र अन्य, रापचा, सन् २००९, पृ. १५७ मा उद्धृत)

## २७. याक्खा

अ) व्यञ्जन

क्  ख्  ङ्
च्  छ्
त्  थ्  न्  न्.
प्  फ्  म्  म.
य्  य.  र्  र्.
ल्  ल्.  व्  व्.
स्  ह्  ʔ

आ) स्वर

आ  इ  उ  ए  ओ

(स्रोत : पोखरेल, २०७४)